# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०३।३० गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला कपिलवस्तु साविक तितिर्खी गाउँ विकास समितिस्थित जमुवार नदीमा पुल निर्माण गर्दा तितिर्खी गाउँ विकास समिति तथा जिल्ला विकास समिति कपिलवस्तुबाट दोहोरो भुक्तानी लिएको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा गाउँ विकास समिति सचिव, जिल्ला विकास समिति कपिलवस्तुका सह-लेखापल, उपभोक्ता समितिका अध्यक्षसमेतको मिलेमतोमा तितिर्खी गाउँ विकास समितिबाट कुनै ठोस कार्य सम्पन्न नै नगरी जिल्ला विकास समितिको बजेटबाट सम्पन्न गरिएको कामलाई नै देखाई गाउँ विकास समितिको रु. ३,९१,२२७।३७ (तीन लाख एकानब्बे हजार दुई सय सत्ताइस रुपैया सैतीस पैसा) उपभोक्ता समितिलाई दोहोरो भुक्तानी दिई गैरकानूनी हानी पुऱ्याउने बदनियतले देहायका व्यक्तिहरुले भ्रष्टाचार कसुर गरेको प्रमाणित हुन आएकोले देहायबमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

क. **साविक तितिर्खी गाउँ विकास समितिका सचिव मुहानन्द खनाल र साविक जिल्ला विकास समिति कपिलवस्तुका सह-लेखापल गोले अलि धुनिया**ले बिना आधार, प्रमाण हचुवाको भरमा कुनै निर्माण कार्य नै नगरी जिल्ला विकास समितिबाट गरिएको निर्माण कार्यलाई गाउँ विकास समितिबाट गरेको हो भनी नेपाल सरकारको रकम हानिनोक्सानी गरी गैरकानूनी लाभ लिने मनसायले उपभोक्ता समितिलाई दोहोरो भुक्तानी दिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर भएको हुँदा निजहरुलाई बिगो रु. ३,९१,२२७।३७ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सोही दफा ८ को उपदफा (१) बमोजि बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ ।

ख. **उपभोक्ता समितिका अध्यक्ष अजिजुर्रहमान मुसलमान तथा सचिव पुनवासी कुर्मी**ले पुल निर्माण कार्यको साविक जिल्ला विकास समिति कपिलवस्तुसँग छुट्टै सम्झौता गरी सोही अनसार पेश्की लिई कार्य गरिरहेकोमा सोही कार्यलाई देखाई गाउँ विकास समितिबाट समेत दोहोरो भुक्तानी लिई साविक तितिर्खी गाउँ विकास समितिको रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेको हुँदा निजहरुलाई बिगो रु. ३,९१,२२७।३७ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो असुल उपर गरी जफत हुनसमेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला